कटारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. १, कटारी, उदयपुर

**कटारी नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधिको दफा ५ को उपदफा (१) सँग सम्बन्धित**

## प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्नका लागि सार्वजनिक सुनुवाई बारे सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/०६/०३**

प्रदेश नं. १, उदयपुर जिल्ला, कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (१) र कटारी नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधिको दफा ५ को उपदफा (१) वमोजिम सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकाले तल दिईएको तालिका बमोजिम सार्वजनिक सुचना प्रस्ताव गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| **प्रस्तावको व्यहोरा** | | कटारी नगरपालिका नगर क्षेत्र भित्रका देहाए बमोजिमका नदि, नाला तथा खोलाहरुबाट नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र विक्री वितरण कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) । | | |
| **सि.न.** | **IEE गरिने खोलाहरु** | **अध्ययन गरिने क्षेत्रहरु** | **प्रभावित हुन सक्ने बस्ति/क्षेत्रहरु** | **सार्वजनिक सुनुवाई हुने स्थान र समय** |
| १ | तावा खोला वडा न. ७ ( प्याकेज १) | कटारी नगरपालिका वडा न. ७ | वडा न. ७ को कपुर दह देखि माझी गाउँ आसपास क्षेत्र | मिति: २०७९/०६/०५ स्थान: वडा न. ७ को कार्यालय सभा हल समय: बिहानको १०:०० बजे |
| २ | तावा खोला वडा न. ३ र ५ ( प्याकेज २) | कटारी नगरपालिका वडा न. ३ र ५ | वडा न. ३, ४, र ५ अन्तर्गतका हडैया खहरे तावा दोभान, तावा ककरु दोभान राजाबास आसपास क्षेत्र कटारी पश्चिम (रेडक्रस कार्यालय) स्मृति बाटिका दक्षिण र कालिखाडी आसपास क्षेत्र | मिति: २०७९/०६/०५ स्थान: नगरपालिका सभा हल समय: दिउसोको २:०० बजे |
| ३ | तावा खोला वडा न. २ र कमला खोला वडा न. २ (प्याकेज ३) | कटारी नगरपालिका वडा न. २ | वडा न. २ अन्तर्गत का तावा खोला को सिमनपुर, कमला खोला को मजुवा, भुन्टेचौरी र तावा कमला दोभान (त्रिबेणी मेला स्थान) आसपास क्षेत्र | मिति: २०७९/०६/०६ स्थान: वडा न. २ को कार्यालय सभा हल समय: बिहानको |

| | | | | |
|---|---|---|---|---|
| | | | | ११:०० बजे |
| ४ | कमला खोला वडा न. १, बेलश्रोत खोला वडा न. १ र बहादुर खोला वडा न. १४(प्याकेज ४) | कटारी नगरपालिका वडा न. १ र १४ | वडा न. १ को तिमनाई, सिसनेरी, बेलश्रोत खोला को भालु खोला दोभान आसपास क्षेत्र र बहादुरा खोला आसपास क्षेत्र | मिति: २०७९/०६/०६<br><br>स्थान: वडा न. १ को कार्यालय सभा हल<br>समय: बिहानको २:०० बजे |

माथि उल्लिखित प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा प्रस्तावित कार्यबाट सो क्षेत्रहरुको जैविक तथा पारस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र संस्कृतिक प्रणालीहरूमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव र न्यूनिकरण उपायहरुको सम्बन्धमा सो स्थानको वडाहरु, त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था र सरोकारवाला व्यक्ति वा संस्थाहरुले माथि दिईएको मिति, स्थान र समयमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आ-आफ्नो राय-सुझाव लिखित वा मौखिक रुपमा प्रदान गरिदिनु हुन अनुरोध गरिन्छ।प्राप्त राय सुझावका आधारमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनलाई अन्तिम रुप दिईनेछ ।

**प्रस्तावक र परामर्शदाताको ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कटारी नगरपालिका, नगर कार्यपालिको कार्यालय, प्रदेश न. १, कटारी, उदयपुर<br>ईमेलः ict.katarimun@gmail.com<br>फोन नः ०३५ ४५०२९६,०३५ ४५००३९ |
| परामर्शदाताको नाम र ठेगाना | अनन्त इन्जिनिरिङ कन्सल्टेन्ट<br>गाईघाट, उदयपुर, प्रदेश नं. १<br>शाखा कार्यालय: विराटनगर, मोरङ्ग<br>फोन नं. ९८६२०२६२९० |